कान्तिपुर मंगलबार, १८ असोज, २०६२

# औषधिबारे अन्तर्क्रिया




काठमाडौं, १७ असोज (कास)- देउराली जनता फर्मास्युटिकल्स प्रालि र अमेरिकाको स्टान्डफोर्ड विश्वविद्यालय, स्कुल अफ मेडिसिनले खुम्बु क्षेत्रमा लेक लाग्ने रोगबारे गर्दै आएको अनुसन्धानबारे जानकारी दिने उद्देश्यले सम्बन्धित विज्ञहरूको सहभागितामा यहाँ एक अन्तर्क्रिया आयोजना गर्‍यो ।

कार्यक्रममा देउराली जनताका कार्यकारी निर्देशक हरिभक्त शर्माले आफ्नो संस्था स्थापनाकालदेखि अनुसन्धान तथा विकासलाई प्रश्रय दिने नीतिअनुरूप अघि बढेको र यसैक्रममा स्टान्डफोर्ड विश्वविद्यालयसँग अनुसन्धानमा संलग्न रहेको बताउनुभयो । यस अनुसन्धानबाट विकास गरिने औषधिले लेक लाग्ने रोगबाट पीडित नेपाली तथा विदेशी पर्यटक लाभान्वित हुने उहाँले उल्लेख गर्नुभयो ।

काठमाडौं मेडिकल कलेजका प्रिन्सिपल डा. हेमाङ्ग दीक्षितले धेरै विदेशी अनुसन्धान गर्न आए पनि त्यसको निष्कर्ष लिएर जाने भएकाले नेपालीहरू लाभान्वित नहुने दृष्टान्त प्रस्तुत गर्दै त्यसमा नेपाली औषधि उत्पादकले पनि सहकार्य गर्न आवश्यक भएको बताउनुभयो ।

नेपाल मेडिकल कलेजका प्रिन्सिपल डा. शेखरबाबु रिजालले नेपालका औषधि उत्पादक कम्पनीमध्ये देउराली जनता आफैंमा एक उच्च औषधि उत्पादक कम्पनी भए पनि यसले अमेरिकी विश्वविद्यालयजस्तो उच्च प्रविधि भएको कलेजसँग संयुक्त प्रविधिमा औषधि उत्पादन गर्नु नेपालकै लागि गर्वको विषय हुने बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानका डिन प्राध्यापक डा. रमेशकान्त अधिकारीले धेरै अनुसन्धानमूलक क्षेत्र भए पनि स्रोत साधनको अभावले तिनीहरूले पूर्णता पाउन नसकेको विचार व्यक्त गर्नुभयो ।